# पालुङटार नगरपालिका बुलेटिन

**वर्ष १ अंक १**

**२०८० बैशाख देखि असार सम्म**



## सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

**प्रकाशक**

**पालुङटार नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**पालुङटार, गोरखा ।**

# सम्पादकीय

पालुङटार नगरपालिकाद्वारा सम्पादित विभिन्न गतिविधिहरुलाई आम नागरिक एवं सरोकारवालाहरुका विचमा सम्प्रेषित गर्ने उद्देश्यले यस बुलेटिन प्रकाशन कार्यको सुरुवात भएको छ । नगरपालिकामा भईरहेका कामकारवाहीहरुका सम्वन्धमा जानकारी पाउने अधिकार आम नागरिक एवं सरोकारवालाहरुले राख्ने सन्दर्भमा यस खालको बुलेटिनले नागरिकको सुसुचित हुन पाउने अधिकारको सुनिश्चितता गर्नुका साथै कार्यालयले गरेका कामहरुका सन्दर्भमा पृष्ठपोषण प्राप्त भई उक्त कार्यहरुलाई थप परिष्कृत गर्न मद्दत मिल्ने विश्वास कार्यालयले लिएको छ ।

नागरिकको नजिकमा रही स्थानीय सेवा प्रवाह एवं विकास व्यवस्थापनमा सहभागी रहने संवैधानिक जिम्मेवारीलाई पुरा गर्ने सन्दर्भमा नगरपालिकाद्वारा आवधिक योजना, वार्षिक योजना एवं प्रचलित कानुनहरुको अधिनमा रही आफ्ना काम कारवाहीहरु अगाडि वढाईरहेको छ । नागरिक संलग्नता एवं नागरिक सहभागिता बेगर यस प्रकारका काम कारवाहीहरुमा नागरिक अपनत्व स्थापित गर्न नसकिने एवं परिचालित स्रोत साधनको उत्पादकत्व अभिवृद्धि गर्न नसकिने सन्दर्भमा नगरपालिका नागरिकहरुलाई अधिकतम परिचालन गर्ने सन्दर्भमा दृढ छ । आम नागरिकका अपेक्षा अनुरुप सेवा प्रवाह एवं विकास व्यवस्थापन चुस्त दुरुस्त एवं प्रभावकारी हुन नसकेतापनि तमाम चुनौतीहरुका विचबाट कार्यालयले घोषित लक्ष्यहरु पूरा गर्न प्रयास गरिरहेको छ । यस सन्दर्भमा नगरपालिका कार्यालय आम सरोकारवालाहरु र विशेषत आम नागरिकहरुसँग स्थानीय विकास व्यवस्थापन सहितका समग्र क्रियाकलापहरुमा सहकार्य र सहभागिताका लागि आव्हान गर्दछ । हाम्रा साझा सपनाहरु पूरा गर्ने कार्यका लागि सपनाहरुका सम्वन्धमा साझा धारणाहरुको निर्माणका साथै उक्त धारणाहरुको बुझाईमा एकरुपता र सो को कार्यान्वयनका लागि सामूहिक प्रयास एवं प्रयत्नहरुको आवश्यकता रहेको सन्दर्भमा कार्यालय परिवार आम नागरिक, राजनीतिक दल एवं विभिन्न सामाजिक संघ संस्थाहरुसँग सोही अनुरुपको सहकार्यको लागि अनुरोध समेत गर्दछ । यस बुलेटिनले यस खालको संस्कारको विकास गर्ने सन्दर्भमा एक महत्वपूर्ण सेतुको रुपमा स्थापित हुन सक्नेछ भन्ने अपेक्षा समेत कार्यालयले राखेको छ ।

अन्त्यमा यस बुलेटिनलाई थप परिमार्जन र परिष्कृत गर्दै नियमित रुपमा त्रैमासिक बुलेटिनको रुपमा प्रकाशन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं र यसलाई थप परिमार्जनको लागि आवश्यक पृष्ठपोषणको लागि समेत अनुरोध गर्दछौं ।

# सम्पादन गरेको कामको विवरण

## १) विज्ञहरुसँगको छलफल कार्यक्रम



पालुङटार नगरपालिका स्थायी ठेगाना रही काठमाडौंमा वसोवास गर्ने विविध विधाका विज्ञहरुसँग पालुङटार नगरपालिकाले भेटघाट तथा छलफल कार्यक्रम सञ्चालन गरेको छ। यही २०८० बैशाख २ गते शनिवारका दिन काठमाडौमा सम्पन्न उक्त कार्यक्रमको उद्देश्य जग्गा वर्गीकरणका सम्वन्धमा नगरपालिकाले गरेका कार्यहरुका सम्वन्धमा विज्ञहरुको पृष्ठपोषण प्राप्त गरी जग्गा वर्गीकरण प्रतिवेदनलाई थप परिष्कृत तुल्याउने र आगामी आर्थिक वर्षका लागि नीति, कार्यक्रम तथा वजेटका सम्वन्धमा विज्ञहरुको सुझाव प्राप्त गर्ने रहेको थियो। नगर प्रमुख विवश चिन्तनको अध्यक्षता, प्रतिनिधि सभामा नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका मुख्य सचेतक माननीय हितराज पाण्डेको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै नगर उपप्रमुख वन्दना पाण्डेले उपस्थित महानुभावहरुलाई स्वागत गर्नु भएको थियो। गण्डकी प्रदेश सभाका सभामुख मा कृष्ण धिताल, गण्डकी प्रदेशमा तात्कालिन समयमा विपक्षी दलका नेता मा सुरेन्द्रराज पाण्डे, गण्डकी प्रदेश सभा सदस्य मा फणिन्द्र देवकोटा, पूर्व नगर प्रमुख ई दिपकवावु कँडेल सहितका विभिन्न क्षेत्रमा विज्ञता हासिल गर्नु भएका व्यक्तिहरुको उपस्थितिमा उक्त कार्यक्रमको सञ्चालन भएको थियो। रणनीतिक रुपमा जग्गाको वर्गीकरणमा ध्यान दिन एवं नागरिकलाई ग्रामिण क्षेत्रमा वस्न प्रोत्साहित गर्ने ढंगले नीति तथा कार्यक्रम तय गरी नगरपालिकाको समग्र विकासका लागि एकजुट हुन विज्ञहरुको सुझाव प्राप्त भएको थियो।

## २) प्रधानमन्त्रीज्यूसँगको भेटघाट एवं छलफल कार्यक्रम

नगर प्रमुख, नगर उपप्रमुख सहितको कर्मचारीहरुको समूहले प्रधानमन्त्री निवास वालुवाटारमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेट सम्पन्न गरेको छ। यही २०८० बैशाख २ गते सम्पन्न उक्त भेटघाट कार्यक्रममा नगरपालिकाका तर्फबाट समग्र नगरपालिकाको विकासका लागि पेश गरिएका कार्यक्रम एवं आयोजनाहरुको सूचिका सम्वन्धमा प्रधानमन्त्रीज्यूलाई स्मरण गराउँदै नगरपालिकाका विविध विकास कार्यहरुमा संघीय सरकारको सहयोगको अपेक्षा गरिएको थियो। उक्त अवसरमा आँपपिपल अस्पतालको स्तरोन्नती एवं सेवा प्रवाहमा गरिनुपर्ने सुधार, कृषि तथा

वन विज्ञान विश्वविद्यालयको आंगिक कलेज स्थापना प्रक्रियालाई गति प्रदान, वडा नं ७ मा औद्योगिक क्षेत्र स्थापनाको संभाव्यता अध्ययन, मध्यपहाडी लोकमार्ग सहितका अन्य विकास आयोजनाहरुमा भएका ढिलासुस्ती लगायतका विषयमा आवश्यक सहयोगका लागि अनुरोध गरिएको थियो।



**३) घटना दर्ताका सम्वन्धमा चेतनामुलक कार्यक्रम सम्पन्न**



राष्ट्रिय परिचयपत्र एवं पञ्जीकरण विभागले बैशाख १ गते देखि बैशाख ७ गते सम्मको अवधिलाई घटना दर्ता सप्ताहको रुपमा मनाउने निर्णय गरे वमोजिम पालुङटार नगरपालिकामा समेत व्यक्तिगत घटना दर्ताका सम्वन्धमा सरोकारवाला व्यक्ति एवं समूहसँग चेतनामुलक कार्यक्रम गर्दै उक्त कार्यक्रम सम्पन्न भएको छ। वडा नं ९ वाहेकका अन्य सम्पूर्ण वडाहरुमा नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, पञ्जिकरण शाखाका एम आइ एस अपरेटर, फिल्ड सहायक एवं कार्यालयका कर्मचारी टुक प्रसाद पौडेलको उपस्थितिमा सप्ताह अन्तरगतका विभिन्न मितिमा सम्पन्न उक्त कार्यक्रम मार्फत व्यक्तिगत घटना दर्ताको आवश्यकता एवं महत्व, व्यक्तिगत घटना दर्ताको प्रक्रिया र यस क्रममा ध्यान दिनुपर्ने विषयहरु, व्यक्तिगत घटना दर्ताका सम्वन्धमा देखिएका जटिलताहरु लगायतका विषयहरुमा छलफल गरिएको थियो भने घटना घटेको ३५ दिनभित्र स्थानीय पञ्जीकाधिकारी समक्ष व्यक्तिगत घटना दर्ता गर्नका लागि सम्पूर्णमा अनुरोध गरिएको थियो।

### ४) पशुचौपायाहरुमा खोपको कार्यक्रम सञ्चालन



भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको नेतृत्वमा पालुङटार नगरपालिकाका कृषकका फर्महरुमा रहेका सम्पूर्ण पशुचौपायाहरुमा खोप लगाउने कार्य सम्पन्न भएको छ । विभिन्न खोप टोलीहरु परिचालित गरी गरिएको उक्त कार्यक्रम मार्फत गाईभैंसी, कुकुर, बंगुर एवं बाख्रालाई विभिन्न ६ प्रकारका खोपहरु लगाइएको थियो । उक्त कार्यक्रमका क्रममा यस नगरपालिका भित्रका २४१०७ गाइभैंसी, ५४८३४ बाख्रा, ५४३९ बंगुर र १९२१ कुकुरमा खोप लगाउने कार्य सम्पन्न भएको छ । उक्त कार्य अगाडि उक्त केन्द्रका तर्फबाट डा लालमणी अर्यालले कार्यक्रमको उद्देश्य, गरिने कार्यहरु एवं ध्यान दिनुपर्ने विषयहरुका सम्वन्धमा जनप्रतिनिधिहरु सहितका सरोकारवालाहरुलाई आवश्यक जानकारी प्रदान गर्नु भएको थियो ।

### ५) बालमैत्री स्थानीय शासन सम्वन्धी सम्वन्धी विविध कार्यक्रम सम्पन्न




यही मिति २०८० बैशाख ११ गते सोमबारका दिन सामाजिक विकास कार्यालय गोरखाको आयोजना तथा पालुङटार नगरपालिका कार्यालयको समन्वयमा बालमैत्री स्थानीय शासन सम्वन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । सामाजिक विकास कार्यालय गोरखाका प्रमुख दिपेन्द्र परियारको अध्यक्षता, नगर उपप्रमुख वन्दना पाण्डेको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा वडा अध्यक्षज्यूहरु, विषयगत शाखा प्रमुखहरु, सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरु, प्रहरी प्रतिनिधि सहितका अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो । राष्ट्रिय वाल अधिकार परिषदका गण्डकी प्रदेश समन्वय अधिकारी बद्री वाग्लेको विस्तृत विवरण सहितको प्रस्तुती पश्चात उपस्थित सम्पूर्णले पालुङटार नगरपालिकालाई २०८३ असार मसान्तसम्ममा बालमैत्री पालिकाको रुपमा घोषणा गर्ने प्रतिवद्धतापत्रमा हस्ताक्षर गरेका

थिए । ५१ सूचकमा आधारित बालमैत्री स्थानीय शासनका क्रममा बाल वचाउ, बाल संरक्षण, बाल विकास र वाल सहभागिता प्रवर्द्धनका लागि तत्पश्चात बसेको कार्यपालिकाको बैठकले प्रतिवद्वता सहितको निर्णय गरेको थियो भने १३ औं नगरसभामा समेत बाल कल्याण अधिकारी श्री माधव पोखरेलले नगर सभा सदस्यहरुलाई उक्त विषयका सम्वन्धमा जानाकारी गराउनु भएको थियो र नगर सभाले समेत उक्त कार्यक्रमलाई आफ्नो प्राथमिकताको कार्यक्रमको रुपमा कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

**६) वडा सचिव एवं वडामा कार्यरत प्राविधिकहरुका लागि सफ्टवेयरसँग सम्वन्धित तालिम कार्यक्रम सञ्चालन**




पालुङटार नगरपालिकाले सेवा प्रवाह एवं विकास व्यवस्थापनका कार्यहरुलाई थप व्यवस्थित एवं प्रभावकारी तुल्याउने सन्दर्भमा आफ्ना क्रियाकलापहरुलाई प्रविधिमैत्री तुल्याउने प्रयत्न गरेको छ । यसै सन्दर्भमा कार्यालयले प्रयोगमा ल्याएका विभिन्न सफ्टवेयरहरु तथा विद्युतीय उपकरणहरुको प्रयोगका सम्वन्धमा सम्वन्धित कर्मचारीहरुलाई जानकारी प्रदान गर्ने, उक्त सफ्टवेयर एवं उपकरणहरुको प्रयोगमा रहेका समस्याहरुको न्यूनीकरण गर्ने तथा त्यस्ता उपकरणहरुको प्रयोगमा एकरुपता कायम गरी सेवा प्रवाहमा प्रभावकारीता हासिल गर्ने



उद्देश्यका साथ सूचना प्रविधि शाखाको आयोजनामा नगरपालिकाले एक दिने अभिमुखीकरण तालिम नगरपालिकाको सभाहलमा सञ्चालन गरेको छ । नगर उपप्रमुख श्री बन्दना पाण्डे, प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारीको उपस्थितिमा मिति २०८० बैशाख १२ गते सम्पन्न उक्त कार्यक्रममा सूचना प्रविधि अधिकृत, नक्सा पास सँग सम्वन्धित कर्मचारीहरु, एम.आइ.एस अपरेटर, योजना शाखाका कर्मचारी, राजश्व शाखाका कर्मचारीहरुले विविध विषयहरुमा सहभागीहरुलाई प्रशिक्षित गर्नु भएको थियो । उक्त कार्यक्रम पश्चात वडा सचिव एव भौतिक पूर्वाधार शाखाको बैठक समेत सम्पन्न गरी कार्यसम्पादनका क्रममा देखिएका समस्याहरु एवं उक्त समस्याहरुको निराकरणका उपायहरु सम्वन्धमा छलफल भएको थियो ।

## ७) राइनास नगरपालिकासँग समन्वय बैठक

पालुङटार नगरपालिकाले अन्तरसम्वन्धित विषयहरुसँग सहकार्य गर्ने उद्देश्यका साथ विभिन्न छिमेकी पालिकाहरुसँग छलफल एवं संवाद कार्यलाई अघि वढाइरहेको छ । यसैको निरन्तरता स्वरुप राइनास नगरपालिकाको आयोजनामा यही २०८० बैशाख १५ गते दुई नगरपालिकाविच समन्वय बैठक राइनास नगरपालिकामा सम्पन्न भएको छ । राइनास नगरपालिकाका प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा पालुङटार नगरपालिकाका प्रमुख, दुबै



नगरपालिकाका उपप्रमुख, दुबै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, कर्मचारीहरुको उपस्थिति रहेको थियो । बैठकमा चेपे नदीको जैविक विविधताको संरक्षण, राइनासकोट चेपे लिगलिगकोट पदमार्गको निर्माण, चेपे नदीमा वहुउद्देश्यीय ताल निर्माणका सम्भावनाका विषयहरुलाई समेटेर संघीय सरकार र प्रदेश सरकारसँग संयुक्त रुपमा बजेट माग गर्ने लगायतका विषयमा छलफल भएको थियो । पालुङटार नगरपालिकाले यस अघि सोही नगरपालिकासँग दुइ पटक संयुक्त बैठक सम्पन्न गरीसकेको छ भने छिमेकी आँबुखैरेनी गाउँपालिका एवं गोरखा नगरपालिकासँग समेत सोही प्रकृतिको छलफल गरिसकेको छ ।

## ८) बजेट तर्जुमाका लागि विभिन्न छलफलहरु सम्पन्न



आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमका साथै बजेटले सम्वोधन गर्नुपर्ने विषयका सन्दर्भमा पालुङटार नगरपालिकाले चरणवद्ध रुपमा छलफल कार्यक्रम सञ्चालन गरेको छ । सरोकारवालाहरुसँगको व्यापक एवं अर्थपूर्ण सहभागीतासहितको छलफलले नै योजनाहरुका सम्वन्धमा सरोकारवालाहरुमा योजनाप्रति अपनत्व अनुभुति हुनुका साथै बैज्ञानिक योजनाहरुको तर्जुमाले यसको कार्यान्वयन पक्षमा समेत सकरात्मक सुधार आउने अपेक्षाका साथ नगरपालिकाले सो प्रकृतिको छलफल कार्यक्रम आयोजना गरेको हो । बैशाख २ गते काठमाडौंमा विज्ञहरुका विचमा छलफल कार्यक्रमका

साथ सुरु भएको यस प्रकारका छलफलका क्रममा बैशाख १९ गते स्वास्थ्य संस्थाका प्रमुखहरुसँग, बैशाख २० गते विद्यालयका प्रधानाध्यापकका साथै विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुसँग, बैशाख २६ गते कार्यपालिका बाहेकका नगरसभाका सदस्यहरुसँग, जेठ २ गते कृषि सहकारी बाहेकका अन्य सहकारीहरुसँग, जेठ ४ गते सामुदायिक सिकाइ केन्द्रहरुसँग, जेठ ५ गते युवा क्लव एवं प्रतिष्ठानहरुसँग, जेठ ७ गते गैरसरकारी संस्थाहरुसँग, जेठ ८ गते कृषि सहकारी, अगुवा कृषक, कृषक समूह एवं कृषक क्लवहरुसँग छलफल कार्यक्रम सञ्चालन भएको थियो । चालु आ व मा सञ्चालित कार्यक्रमहरुको उपलब्धीहरु, उक्त योजनाहरुको सञ्चालनका क्रममा देखिएका समस्याहरु, नयाँ कार्यक्रमहरुको सञ्चालनका सम्भावना र सो का लागि सरोकारवालाहरुको चासोका विषयहरुमा छलफल केन्द्रित रहेको थियो । उक्त छलफलहरुबाट प्राप्त सुझावहरुलाई समेटेर नै विषयगत समितिहरुले आफ्ना प्राथमिकताहरु निर्धारण गरेका थिए भने नगरपालिकाको नीति तथा कार्यक्रम र बजेटमा समेत यस प्रकारका सुझावहरु प्रतिविम्वित भएका थिए ।



## ९) सामुदायिक समूहहरुविच सिआरपी सम्वन्धी अनुभव आदान प्रदान कार्यशाला गोष्ठी

जापानी सहयोग निकाय (जाइका) को सहयोगमा यस नगरपालिकामा सञ्चालित सहभागितामुलक ग्रामिण पुनर्लाभ परियोजना अन्तरगत नगरपालिकामा गठित सामुदायिक समूहहरुका विचमा सामुदायिक पुनर्लाभ परियोजना सम्वन्धी अनुभव आदान प्रदान कार्यशाला यही बैशाख १७ गते पालुङटार नगरपालिकाको सभाहलमा सञ्चालन गरिएको छ । विपद् उत्थानशीलताको दृष्टिकोणले उपलब्धीमूलक हुने प्रकृतिका नमूना परियोजनाहरु सञ्चालन गरिरहेका यस नगरपालिका वडा नं ६ र ७ का उक्त समूहहरुले आफूले सञ्चालन गरिरहेका गतिविधिहरु, उक्त कार्यबाट प्राप्त उपलब्धीहरु, परियोजना सञ्चालनका क्रममा भएका सिकाइहरु एवं आगामी दिनमा उक्त परियोजनाहरुलाई दिगोपना प्रदान गर्ने सम्वन्धमा नगरपालिका सहितका सरोकारवालाहरुले निर्वाह गर्नुपर्ने भूमिकाका सम्वन्धमा उक्त कार्यक्रममा छलफल गरिएको थियो । २०७२ बैशाखको विनाशकारी महाभूकम्प पश्चात पुनर्लाभका क्षेत्रहरुमा नमूना परियोजनाका रुपमा गोरखा जिल्ला र सिन्धुपाल्चोक जिल्लाका चारवटा पालिकाहरुमा जाइकाको सहयोगमा यस परियोजना सञ्चालन भइरहेको छ ।

### १०) नगरपालिकामा श्रम स्वीकृति र पुनस्वीकृति प्रक्रिया सुरुवात



बैदेशिक रोजगारीमा जान चाहनेहरुका लागि श्रम स्वीकृति र पुनस्वीकृति कार्य नागरिकको नजिकको निकायका रुपमा स्थानीय तहका रोजगार सेवा केन्द्रहरु मार्फत सम्पादन गर्ने नेपाल सरकारको नीति अनुरुप पालुङटार नगरपालिकाले समेत उक्त कार्यको सुरुवात गरेको छ । यही बैशाख १९ गते पहिलो स्वीकृतिको रुपमा पालुङटार नगरपालिका वडा नं ३ निवासी मुस्ताव मियालाई नगर प्रमुख श्री विवश चिन्तन र नगर उपप्रमुख श्री वन्दना पाण्डेले व्यक्तिगत श्रम स्वीकृति पत्र हस्तान्तरण गरी उक्त कार्यको सुरुवात गरिएको हो । तत्पश्चात नियमित रुपमा यस प्रकृतिका कार्यहरु नगरपालिकाको रोजगार सेवा केन्द्रबाट हुँदै आएको छ ।

### ११) शैक्षिक उन्नयन सम्वन्धी छलफल कार्यक्रम

नगरपालिकाको शैक्षिक अवस्थामा सकरात्मक सुधार गर्ने उद्देश्यका साथ नगरपालिका भित्रका संस्थागत एवं सामुदायिक विद्यालयहरुका विचमा उत्प्रेरणात्मक अभिमुखीकरण एवं छलफल कार्यक्रम सम्पन्न भएको छ । यही २०८० बैशाख २० गते माध्यामिक विद्यालयहरुका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक संघका अध्यक्ष सहितको सरोकारवालाहरुको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा बृहत राष्ट्रिय शिक्षा अभियानको नेतृत्व गरिरहनुभएका श्री अभिशेक घिमिरेले उत्प्रेरणात्मक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुभएको थियो । गत शैक्षिक शत्रमा सञ्चालित परीक्षाको नतीजा, सामुदायिक विद्यालयका सम्वन्धमा नागरिकमा रहेका गुनासाहरु, विद्यालयले शैक्षिक स्तरलाई माथि लैजानका लागि गरेका प्रयास एवं प्रयत्नहरु एवं अन्य पालिकाहरुमा अवलम्वन गरिएका नविनतम प्रयासहरुलाई समेत आत्मासाथ गरी नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुले आगामी दिनमा चाल्नुपर्ने कदमका सम्वन्धमा उक्त छलफल केन्द्रित रहेको थियो । उक्त कार्यक्रममा विद्यालयको विशिष्टता अनुरुप विद्यालय स्वयंले नै विद्यालय सुधारको कार्ययोजना तयार गरी सोही अनुरुप सुधारका कार्यहरु नियमित रुपमा सञ्चालन गर्ने र शिक्षा युवा तथा खेलकुद शाखाले नियमित रुपमा विद्यालयले गरेका कार्यहरुको सुपरीवेक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने सम्वन्धमा छलफल भएको थियो ।

## १२) राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका विजयी खेलाडीहरुको सम्मान कार्यक्रम



गोरखा जिल्लाको गोरखा बजारमा सम्पन्न राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विजयी भएका पालुङटार नगरपालिकाका खेलाडीहरुलाई नगरपालिकाले एक कार्यक्रमका विच सम्मान गरेको छ । २०८० बैशाख २० गते पालुङटार नगरपालिकाको सभाहलमा सम्पन्न उक्त कार्यक्रममा विजेता खेलाडीहरुलाई नगर प्रमुख श्री विवश चिन्तन, नगर उपप्रमुख श्री बन्दना पाण्डे, वडा अध्यक्ष श्री कृष्ण बहादुर परियार एवं वडा अध्यक्ष श्री रिखीराज द्यौरालीले सम्मान गर्नुभएको हो । जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पालुङटार नगरपालिकाले दोश्रो स्थान हासिल गरेको थियो । विभिन्न खेलहरुमा भाग लिएको पालुङटार नगरपालिकाले ३०० मि छात्र दौड, २०० मि छात्र दौड, १०० मि छात्र दौड, १०० × ४ मि छात्र रिले दौडमा स्वर्ण पदक प्राप्त गरेको थियो । यसैगरी त्रिपल जम्प छात्र, १०० × ४ मि छात्रा रिले दौड र १०० मि छात्रा दौडमा रजत पदक हासिल गरेको थियो भने १५०० मि दौड छात्र, १०० मि दौड छात्रा, २०० मि दौड छात्रा, ४०० मि दौड छात्रामा कास्य पदक हासिल गरेको थियो ।कार्यपालिकाको निर्णय बमोजिम विजयी खेलाडीहरुलाई नगद पुरस्कारद्वारा सम्मान समेत गरिएको थियो ।

## १३) जग्गा वर्गीकरण कार्य सम्पन्न

भूउपयोग ऐन २०७६ र भूउपयोग नियमावली २०७९ बमोजिमको जग्गा वर्गीकरण कार्य पालुङटार नगरपालिकामा सम्पन्न भएको छ । चरणवद्ध रुपमा गरिएका विविध कार्यहरु पश्चात २०८० बैशाख ३१ गते वसेको भूउपयोग परिषद र कार्यान्वयन समितिको संयुक्त बैठकले पालुङटार नगरपालिका भित्र रहेका सम्पूर्ण कित्ता जग्गाहरुको नियमानुसार वर्गीकरण गरेसँगै उक्त कार्य सम्पन्न भएको छ र मिति २०८० जेठ २९ गतेबाट लामो समयदेखि रोकिएको यस नगरपालिका भित्र रहेका जग्गाहरुको कित्ताकाट समेत सुचारु भएको छ । परिषद्को निर्णयानुसार यस नगरपालिका भित्रका जग्गाहरुलाई कृषि क्षेत्र, आवासीय क्षेत्र, ब्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, बन क्षेत्र, नदी, खोला तथा सिमसार क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र र सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र गरी ९ समूहमा वर्गीकरण गरिएको छ । बर्गीकरण

अनुसार नगरपालिका अन्तरगतका जग्गाहरुको कुल क्षेत्रफलको ३७.१५ प्रतिशत भूभाग कृषि, ३२.९० प्रतिशत जग्गा आवासीय क्षेत्र अन्तगरगत परेका छन।

## १४) दर्ता सहयोगीहरुसँग स्वास्थ्य वीमाका सम्वन्धमा छलफल

स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमा रहेका समस्याहरुको पहिचान गर्ने, बीमा सञ्चालन पद्धतिका सम्वन्धमा थप स्पष्ट तुल्याई स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी तुल्याउने उद्देश्यका साथ पालुडटार नगरपालिकामा रहेका स्वास्थ्य वीमाका दर्ता सहयोगीहरुसँग पालुङटार नगरपालिकाको स्वास्थ्य शाखाले एक दिवशीय अभिमुखीकरण एवं छलफल कार्यक्रम सञ्चालन गरेको छ। पालुङटार नगरपालिकाको सभाहलमा मिति २०८० जेठ २४ गते सम्पन्न उक्त कार्यक्रममा डा गुणराज लोहनीले सहजीकरण गर्नुभएको थियो। नगरपालिकाभित्रका अधिकांश नागरिकहरुलाई स्वास्थ्य वीमामा समेट्ने उद्देश्यका साथ सञ्चालित उक्त कार्यक्रममा आगामी नगर सभाका अवसरमा नगरसभाका सदस्यहरु सहित कर्मचारीहरुलाई समेत स्वास्थ्य वीमाका सम्वन्धमा जानकारी गराउने र दर्ता सहयोगीहरुलाई थप क्रियाशीलताका साथ कार्य गर्न सम्पूर्ण सरोकारवालाहरुले सहयोग प्रदान गर्ने विषयमा छलफल भएको थियो।

## १५) सुरक्षा समितिको संयुक्त बैठक पालुङटार नगरपालिकामा सम्पन्न

चार जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु सहितको सुरक्षा समितिको संयुक्त बैठक पालुङटार नगरपालिकामा सम्पन्न भएको छ। गोरखा, चितवन, तनहुँ एवं लमजुङ जिल्लाको संयुक्त सुरक्षा बैठक यही मिति २०८० जेठ ३० गते नगरपालिकाको सभाहलमा सम्पन्न भएको हो। संयुक्त सुरक्षा बैठकको औपचारिक कार्यक्रम अगाडि नगरप्रमुख श्री विवश चिन्तनले आगन्तुकहरुलाई स्वागत गर्दै पालुङटार नगरपालिकाको ऐतिहासिकता, पर्यटकीय सम्भावना एवं सुरक्षा सम्वद्ध मुद्दाहरुका सम्वन्धमा जानकारी गराउनुभएको थियो। उक्त टोलीले कार्यक्रम पश्चात ऐतिहासिक लिगलिगकोटको समेत भ्रमण कार्य सम्पन्न गरेको थियो।

## १६) नीति, कार्यक्रम तथा वजेटका सम्वन्धमा सर्वदलीय बैठक सम्पन्न

आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा समेटिनुपर्ने विषयका सम्वन्धमा पृष्ठपोषण प्राप्त गर्ने एवं कार्यालयले सम्पादन गरेका काम कारवाहीहरुका सम्वन्धमा जानकारी समेत प्रदान गर्ने उद्देश्यले कार्यालयले मिति २०८० असार ४ गते सर्वदलीय बैठकको आयोजना गरेको छ। नगर प्रमुख श्री विवश चिन्तनको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा नगर उपप्रमुख श्री बन्दना पाण्डे, प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारी, नेपाली काँग्रेसका तर्फबाट नगर सभापति श्री विमल

ढकाल, नेकपा एमालेका तर्फबाट नगर अध्यक्ष श्री बसन्त कुमार श्रेष्ठ, नेकपा माओवादी केन्द्रका तर्फबाट श्री केशवराज न्यौपाने, नेपाल समाजबादी पार्टीका तर्फबाट श्री प्रेम गुरुङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट श्री मदन गिरी एवं नेकपा एकीकृत समाजबादीका तर्फबाट श्री डिल बहादुर खत्रीको उपस्थिति रहेको थियो । सहभागीहरुका तर्फबाट विषयक्षेत्रगत रुपमा सम्वोधन गरिनुपर्ने विविध विषयहरुका साथै कार्यालयका समग्र कार्यसम्पादनमा सुधारका लागि अवलम्वन गरिनुपर्ने नीतिहरुका सम्वन्धमा समेत महत्वपूर्ण सुझावहरु प्राप्त भएका थिए । उक्त अवसरमा नगर प्रमुख श्री विवश चिन्तनले नगरपालिकाको समग्र विकासको महत्वपूर्ण एवं निर्णायक साझेदारको रुपमा रहेका राजनीतिक दलहरुबाट प्राप्त सुझावहरुलाई पालिकाले ग्रहण गर्ने र नगरको समग्र विकासको लागि साझा सपना एवं अठोट सहित अगाडि बढ्ने संस्कारको विकास गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

### १७) पालुङटार नगरपालिकाको नीति, कार्यक्रम तथा वजेट पारित

तेह्रौं नगरसभाद्वारा पालुङटार नगरपालिकाले आगामी आर्थिक वर्षका लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरी उक्त नीति, कार्यक्रम तथा बजेट पारित गरेको छ । मिति २०८० असार ६ गते पालुङटार नगरपालिकाको सभाहलमा नगर प्रमुख श्री विवश चिन्तनले नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको थियो । सभाले सुझाव प्रस्तुत गरी उक्त नीति तथा कार्यक्रम आवश्यक परिमार्जन सहित सोही दिन पास भएको थियो । यसै गरी असार ८ गते नगर उपप्रमुख श्री बन्दना पाण्डेले आर्थिक विधेयक, बजेट एवं मध्यमकालीन खर्च संरचना प्रस्तुत गर्नु भएको थियो । जसलाई परिमार्जन सहित असार २५ गते बसेको नगरसभाले पारित गरेको थियो ।



## १८) नगरपालिकाद्वारा विशिष्ट व्यक्तित्वहरुको सम्मान कार्यक्रम

पालुङटार नगरपालिकाले नगरक्षेत्रभित्र स्थायी ठेगाना रही विविध विधामा आफ्नो पहिचान स्थापित गरेका व्यक्तिहरुलाई क्रमशः सम्मान गर्ने नीति लिएको छ। यसैको सुरुवातको रुपमा तेह्रौं नगरसभाको सन्दर्भमा विभिन्न स्थापित व्यक्तिहरुलाई नगरपालिकाले सम्मान गरेको छ। मिति २०८० असार ६ गते सम्पन्न उक्त सम्मान कार्यक्रममा पालुङटार ९ निवासी पत्रकार श्री राजेन्द्र बानिया, पालुङटार नगरपालिका वडा नं ३ निबासी संगीतकार श्री आलोकश्री, यसै नगरपालिका वडा नं ९ निबासी गजलकार श्री प्रदीप पाण्डे रोदन, यसै नगरपालिका वडा नं ४ स्थायी ठेगाना रहनुभएका स्व डा उपेन्द्र देवकोटालाई मरणोपरान्त उहाँको धर्मपत्नी श्री मधु दिक्षित देबकोटा तथा पालुङटार नगरपालिका वडा नं ५ का साहसिक खेलाडी स्व पाइलट निस्सिम थापालाई मरणोपरान्त उहाँको पिता श्री प्रकाश थापालाई सम्मान गरिएको छ। जिल्ला समन्वय समिति गोरखाका प्रमुख श्री मोहन बहादुर थापामगर, नगर प्रमुख श्री विवश चिन्तन तथा नगर उपप्रमुख श्री बन्दना पाण्डेले उहाँहरुलाई दोसल्ला, माला तथा सम्मानपत्रद्वारा सम्मान गरिएको थियो।



## १९) पालुङटार नगरपालिका पूर्ण खोप सुनिश्चित पालिका घोषणा

पालुङटार नगरपालिकालाई पूर्णखोप सुनिश्चित पालिका घोषणा गरी सो को दिगोपना सुनिश्चितताका लागि कार्यक्रमको आयोजना गरिएको छ। यहि मिति २०८० असार ६ गते पालुङटार नगरपालिकाको सभाहलमा एक कार्यक्रमका विच उक्त कार्यक्रम सम्पन्न गरिएको हो। पालुङटार नगरपालिकाका प्रमुख श्री विवश चिन्तनको अध्यक्षता एवं जिल्ला समन्वय समिति गोरखाका प्रमुख श्री मोहन बहादुर थापा मगरको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन स्वास्थ्य संयोजक श्री सिर्जना पोखरेलले गर्नुभएको थियो भने कार्यक्रमको प्रतिवेदन जनस्वास्थ्य निरीक्षक श्री कृष्ण अधिकारीले गर्नुभएको थियो। यस अघि जेठ २२ गते नगरपालिका भित्रका सम्पूर्ण वडाहरुमा फरक फरक रुपमा एकल एवं संयुक्त

कार्यक्रमका विच पूर्ण खोपयुक्त वडा सुनिश्चितता घोषणा एवं दिगोपना कार्यक्रम सम्पन्न भएको थियो। प्रत्येक वडा भित्रका १५ देखि २३ महिना भित्रका बालबालिकामा पूर्ण रुपमा खोप लगाइएको सुनिश्चितता गर्नका लागि स्वास्थ्यकर्मीको प्रत्यक्ष संलग्नतामा घरधुरी सर्वेक्षण गरी उक्त सर्वेक्षणबाट उक्त उमेर समूहका कुनै पनि बालबालिका खोपबाट नछुटेको एकीन गरी सोको प्रमाणीकरण समेत सम्पन्न गरेपश्चात सो कार्यक्रमको आयोजना गरिएको थियो।



## २०) युवा नवप्रवर्तनात्मक विचार प्रतियोगिता सम्पन्न



पालुङटार नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखाको आयोजनामा युवा नवप्रवर्तनात्मक विचार प्रतियोगिता नगरपालिकाको सभाहलमा यही मिति २०८० असार ७ गते सम्पन्न भएको छ। राष्ट्रिय युवा परिषदको सशर्त कार्यक्रमको रुपमा रहेको युवा प्रतिभा खोजी र प्रोत्साहन कार्यक्रम अन्तरगत सञ्चालित उक्त कार्यक्रममा एकल एवं सामूहिक रुपमा गरी कुल ४८ जना युवा तथा विद्यार्थीको सहभागीता रहेको थियो। व्यवसायको सञ्चालन एवं व्यवस्थापनसँग सम्वन्धित नवप्रवर्तनात्मक सोचहरु तयार गरी प्रस्तुत गरिएको उक्त कार्यक्रमबाट संगिता दुवाडी अधिकारी प्रथम, विवस पौडेल द्वितीय एवं गोरखा बहुप्राविधिक शिक्षालय व्यवसायिक समूह तृतीय भएको थियो। उक्त कार्यक्रममा प्रथम, द्वितीय एवं तृतीय स्थान हासिल गर्न सफल सहभागीहरुलाई क्रमशः रु १००००, ७००० र ४००० नगदका साथै प्रमाणपत्र प्रदान गरिएको थियो भने प्रथम स्थान हासिल गर्न सफल सहभागीले पालुङटार नगरपालिकाको प्रतिनिधित्व गर्दै प्रदेश स्तरीय प्रतिस्पर्धामा सहभागी हुने अवसर प्राप्त गर्नुभएको थियो।

## २१) योग शिविर सम्पन्न



पालुङटार नगरपालिका आयुर्वेद शाखाको आयोजना तथा शिवशक्ति वनदेबी आमा समूह पा न पा ५ को समन्वयमा यही असार ६ देखि असार ८ सम्म त्रिदिवसीय योग शिविर सम्पन्न भएको छ । नवौं अन्तराष्ट्रिय योग दिवसका सन्दर्भमा सोही दिनबाट शुरु भएको उक्त कार्यक्रमबाट स्थानीय वडावासीहरु लाभान्वित हुनुभएको थियो । ओशो तनाव व्यवस्थापन तथा जीवन रुपान्तरण कार्यशाला पा न पा ७ गोरखाका स्वामी प्रेम सुवासले सहजीकरण गर्नुभएको उक्त कार्यक्रममा आमा समूह, टोल सुधार समिति एवं जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## २२) आयुर्बेद शाखामा ओपिडी र थेरापी संचालन सेवा शुरु

पालुङटार आयुर्वेद औषधालयमा ओ पि डि सेवा साथ साथै पन्चकर्म/पुर्वकर्म सेवा, नस्य, शिरोधारा, स्नेहन, स्वेदन, वस्ति, थेरापी लगायतका सेवाहरु सञ्चालन हुदै आएको छ, जसबाट सेवा ग्राहीहरुको शिर रोग, अर्धावदेक (Migraine), अनिद्रा, तनाव, उन्माद (Mental Disorder), पिनास, मांसपेशीको दुखाइ, जोर्नीको दुखाइ, नसा च्यापिएको, मासु च्यापिएको, सुनिएको, नसा सम्बन्धि रोग, Paralysis, कटिशुल, आमवात, गृधसि, जानुशुल सन्धि वात, ग्रिवास्तम्भ (Stiffness of Neck ), त्वचा सम्वन्धि रोग, छाला स्निग्ध, सुन्दर, नरम, प्राकृत र दृढ हुन्छ, निन्द्रा राम्रो लाग्छ, आँखाको दृष्टि शक्ति वढाऊँछ, शारिरीक थकान हटाउँछ, शरीर हृष्ट-पुष्ट, बलियो हुन्छ ।





****************************** धन्यवाद ******************************